# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ३** **संख्या : २** **प्रमाणिकरण : २०७७।०३।१३**
**प्रकाशन मिति : २०७७।०३।१४**

## भाग - २

## ठाकुरबाबा नगरपालिका

### "ठाकुरबाबा नगरपालिकाको महिला स्वास्थ्य स्वयंसेविका परिचालन सम्बन्धि कार्यविधि, २०७७"

**प्रस्तावनाः**

नेपालको स्वास्थ्य क्षेत्रमा विगत देखि नै महत्वपूर्ण योगदान पुऱ्याउदै आएको महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई परिचालन गर्दै स्वास्थ्य सेवालाई थप प्रभावकारी रुपमा कार्यान्यिन गर्न वान्छनिय देखिएकाले ठाकुरबाबा नगर स्वास्थ्य ऐन-२०७७ को दफा ४७ को उपदफा २ बमोजिम महिला स्वास्थ्य स्वयंसेविका परिचालन सम्बन्धि कार्यविधि तयार पारिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "ठाकुरबाबा नगरपालिकाको महिला स्वास्थ्य स्वयंसेविका परिचालन सम्बन्धि कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

"असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड,२०७६"

२. **परिभाषाः**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) " नगरपालिका" भन्नाले ठाकुरबाबा नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले "ठाकुरबाबा महिला स्वास्थ्य स्वयंसेविकापरिचालन सम्बन्धि कार्यविधि, २०७७ सम्झनु पर्छ ।

(ग) " कार्यपालिका" भन्नाले ठाकुरबाबा नगर कार्यपालिका लाई सम्झनु पर्छ ।

(घ) "महिला स्वास्थ्य स्वयं सेविका" भन्नाले ठाकुरबाबा नगरपालिका भित्र रहेका नियमानुसार छनौट भएका महिला स्वास्थ्य स्वयंसेविकासम्झनु पर्छ ।

(ङ) "स्वास्थ्य संस्था" भन्नाले यस नगरपालिका भित्र संचालनमा रहेका स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्र सम्झनु पर्छ ।

(च) "स्वास्थ्य शाखा" भन्नाले ठाकुरबाबा नगरपालिकामा रहेको स्वास्थ्य शाखा सम्झनु पर्छ ।

(छ) "स्वयं सेविका छनौट समिति" भन्नाले नियमानुसार गठन भएको महिला स्वास्थ्य स्वयंसेविकाछनोट समितिलाई सम्झनु पर्छ ।

(ज) "नगरप्रमुख" भन्नाले ठाकुरबाबा नगरकार्यपालिकाको नगरप्रमुखलाई सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले ठाकुरबाबा नगरपालिकाको "प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(ञ) "सेवा सुविधा" भन्नाले संघ, प्रदेश र यस नगरपालिकाबाट स्वीकृत भइ महिला स्वास्थ्य स्वयंसेविकालाई प्रदान गर्ने सेवा सुविधा सम्झनु पर्छ ।

३. **उद्देश्यः**

(क) महिला स्वास्थ्य स्वयंसेविकालाई सेवामा उत्प्रेरणा जगाउन ।

(ख) नगरपालिकाको स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुमा महिला स्वास्थ्य स्वयंसेविका सेविकाहरुलाई परिचालन गरी निर्धारित समयमै लक्ष्य हासिल गर्न ।

(ग) नियमित स्वास्थ्य क्षेत्रको प्रगति प्राप्त गर्न ।

(घ) संघिय, प्रादेशिक तथा नगरपालिकाले निर्धारण गरेको स्वास्थ्य प्रर्वर्द्धन सम्बन्धि लक्ष्य तथा उद्देश्य हासिल गर्न ।

४. **स्वास्थ्य आमा समूह गठन तथा कार्य विवरण सम्बन्धिः**

आमा समूह गठन तथा छनौट गर्ने देहायका आधारहरु निर्धारण गरेकोछ ।

(क) आमा समुह गठनका लागि एउटै टोलका कम्तीमा २५ जना (विवाहित महिला, गर्भवति, बच्चाका आमा, सासुहरु) सहभागि भएको समुह हुनु पर्नेछ ।

(ख) पहिले देखिनै गठन भई संचालनमा रहेका आमा समुहहरुलाई नियम ४(क) अनुरुप हुनेगरी पुर्नगठन गर्न सकिनेछ ।

(ग) सहभागिहरु मध्येबाट सर्व सम्मत रुपमा छनौट एक जना अध्यक्ष, अन्य सहभागि सदस्य रहने छन । आमा समुह को सदस्य सचिवको काम महिला स्वास्थ्य स्वयंसेविकाले गर्नेछन ।

**५. महिला स्वयं सेविकाको छनौटः**

महिला स्वास्थ्य स्वयंसेविकामा छनौट हुनका लागी देहाय बमोजिमको मापदण्ड पुरा भएको हुनुपर्नेछ ।

१. म. स्वा. स्व. सेविकाको रुपमा कार्य गर्ने महिला सम्बन्धित वडा र टोलको स्थायी बासिन्दा र आमा समूहको सदस्य हुनुपर्नेछ ।

२. निशुल्क रुपमा (स्वयंसेवकको रुपमा) काम गर्न ईच्छुक हुनुपर्नेछ ।

३. उमेर २५ वर्ष पुरा गरी ४५ वर्ष ननाघेको विवाहित महिला हुनुपर्नेछ ।

४. कम्तीमा १० कक्षा पास हुनुपर्नेछ ।

५. तोकिएको ढाँचामा निवेदन लिई सम्बन्धित आमा समूहबाट छनौट भई स्वास्थ्य संस्था र वडाको सिफारिस भएको हुनुपर्नेछ ।

६. निवेदकहरु एक भन्दा धेरै भएमा सम्बन्धित वडाको स्वास्थ्य संस्था प्रमुख वा प्रतिनिधिको रोहबरमा सेवाक्षेत्र भित्रका आमा समुह मध्येका अधिकतम सदस्यहरुले छानेको महिला स्वास्थ्य स्वंयमसेविका चयन गर्न सकिनेछ ।

७. फौजदारी अभियोगमा कसुरदार नभएको हुनुपर्नेछ ।

८. मानसिक सन्तुलन ठिक भएको हुनु पर्नेछ ।

९. परिवारको मन्जुरी भएको हुनु पर्नेछ ।

१०. सरकारी तथा गैरसरकारी संस्थाको कर्मचारी नभएको हुनुपर्नेछ ।

(नोटः यस कार्यविधि प्रारम्भ हुदाका बखत कुनै महिला स्व.से. नियम ५ को उपनियम १० बमोजिम भएको पाईएमा कार्यविधि प्रारम्भ भएको मितिले ३ महिना भित्र स्वच्छिक अवकासमा जानुपर्नेछ, अन्यथा सेवा अवधि समाप्त भएको मानिनेछ ।)

**६. काम, कर्तव्य र जिम्मेवारीः**

१. तोकिएको कार्यक्षेत्र भित्रका सम्पूर्ण घरधुरी, उमेर समुहको जनसंख्या, प्रजनन उमेरका महिलाहरुको संख्या लगायत सम्पूर्ण जनसंख्याको लगत राख्नुपर्नेछ ।

२. सम्बन्धित स्वास्थ्य संस्था, वडा र नगरपालिकाको मातहतमा रहि सेवा गर्नुपर्ने ।

३. नेपाल सरकारले तोकेको सम्पूर्ण स्वास्थ्य सम्बन्धि क्रियाकलापमा सहभागि भइ सहयोग गर्ने

४. गाउँघर क्लिनिक, खोप क्लिनिक तथा राष्ट्रिय अभियानहरुमा सहभागि भइ सहयोग गर्ने ।

५. हरेक महिनाको अन्त्यमा आफूले गरेका क्रियाकलापको प्रतिवेदन सम्बन्धित स्वास्थ्य संस्थामा पेश गर्नु पर्नेछ ।

६. नेपाल सरकारले स्थानीयस्तरमा प्रदान गर्ने स्वास्थ्य सेवा (जस्तैः गर्भवतीलाई आइरन चक्कि वितरण, अस्थायी परिवार नियोजनका साधनहरु वितरण, सामान्य रुघाखोकीको घरेलु उपचार सर सल्लाह

तथा प्रेषण, झाडा पखालाको उपचार, परामर्श तथा प्रेषण) हरुलाई निरन्तर रुपमा सहभागि भइ सेवा दिनु पर्नेछ ।

७. महिला स्वास्थ्य स्वयंसेविकालाई पायक पर्ने गाउँटोल र आवश्यकता अनुसार खटाउन बाधा पर्नेछैन

८. नगर कार्यपालिकाले घरधुरि, जनसंख्या, गाउँ र टोल एकिन गरि महिला स्वास्थ्य स्वयम सेविकाको संख्या र कार्यक्षेत्र तोक्न सक्नेछ ।

९. महिला स्वयंसेविकाको आचारसंहिता अनुसुचि १ बमोजिम हुनेछ ।

७. <u>सेवा सुविधाः</u>

१. महिला स्वास्थ्य स्वयंसेविकाहरुको कुनै मासिक पारिश्रमिक हुने छैन ।

२. नेपाल सरकारले प्रदान गरेको पोशाक सुविधा उपलब्ध गराईनेछ ।

३. सेवा उमेर पुगि वा स्वच्छिक बिदाई हुदा महिला स्वयंसेविकालाई तोके बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ ।

४. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन नगरपालिकाको स्विकृति लिई कुनै संघ संस्थाले म. स्वा. स्व. सेविकालाई प्रोत्साहित गर्न तथा स्वास्थ्य सम्बन्धि काममा लगाउन सक्नेछ ।

८. <u>सेवा उमेरको व्यवस्थाः</u>

१. महिला स्वास्थ्य स्वयंसेविकाहरुको सेवा उमेर ६० वर्ष हुनेछ ।

२. स्वेच्छिक बिदाईः

- कुनै महिला स्वास्थ्य स्वयंसेविकाले कुनैपनि कारणले सेवा गर्न नसक्ने भएमा आवश्यक कारण खुलाई सम्बन्धित आमा समुहमा राजिनामा पेश गर्नुपर्नेछ ।
- आमा समूहको सिफारिसमा नगरपालिकाको स्वास्थ्य शाखाले राजिनामा स्वीकृत गरेपछि सेवा मुक्त भएको मानिनेछ ।

**३. सेवा मुक्त हुने अवस्थाः**

- नेपाल सरकारले गैर कानुनी मानेको कार्यमा संलग्न भएमा ।
- मानसिक सन्तुलन गुमाएमा ।
- फौजदारी अभियोगमा कसुरदार ठहरिएमा ।
- बसाईसराई गरी अर्को स्थानमा गएमा ।
- कामकाज सन्तोष जनक नभएको भनि आमा समुहको निर्णय र माग बमोजिम सेवा सन्तोषजनक नभएको ठहरियमा ।

९. <u>थपघट र हेरफेरः</u>

नगरको आवश्यकता, प्राथमिकता एवं सन्दर्भ समेतलाई मध्य नजर गरी ठाकुरबाबा नगरपालिकाले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

१०. <u>बाधा अड्काय फुकाउः</u>

यो कार्यविधि कार्यान्वयका क्रममा कुनै बाधा आई परेमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

११. <u>बचाउ तथा खारेजीः</u>

(क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानिय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हद सम्म स्वतः अमान्य हुनेछ ।

(ख) यो कार्यविधि लागु हुनु भन्दा पहिले ठाकुरबाबा नगरपालिका अन्तर्गत संचालित कार्यक्रम यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

"असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६"

## अनुसूचि १

## महिला स्वास्थ्य स्वयंम सेविकाले पालन गर्नुपर्ने आचारसंहिता तथा प्रतिवद्धता

१. स्वयंसेवी भावले समुदायको स्वास्थ्य अधिकार र पहुचलाई मुलमन्त्र मानी नैतिकता, इमान्दारिता र उच्च मनोबलका साथ कार्य गर्नेछु ।

२. आफ्नो सिप र ज्ञानको उपयुक्त रुपमा सदुपयोग गरी विभिन्न स्वास्थ्य कार्यक्रममा संलग्न भई समुदायमा स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नेछु ।

३. आफु सम्बद्ध स्वास्थ्य आमा समूहप्रति इमान्दारी, जवाफदेही तथा प्रतिबद्ध भई पुर्ण रुपमा कार्य गर्नेछु ।

४. स्वयसेवकको भावना र मर्मलाई कार्यगत रुपमा उतारी समुदायको स्वास्थ्य र भलाइको प्रवर्द्धन गर्नेछु ।

५. सिकेका ज्ञान र सीपको समूचित प्रयोग गरी जनसमुदायलाई स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिकबाट स्वास्थ्य सेवा लिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रवर्द्धन गर्न लगाउने छु ।

६. समुदायसंगको व्यवहारमा सधै विनम्र रुपमा सहयोगी हुनेछु ।

७. सेवाग्राहीको गोपनियता कायम राख्नेछु ।

८. आर्जित ज्ञान र सिपलाई सही सदुपयोग गरी आमा शिशुको स्वास्थ्य उत्थानमा आफ्नो हृदयदेखि नै लाग्नेछु।

९. स्वास्थ्य आमा समूहलाई सशक्तिकरण गर्न तथा स्वास्थ्य सेवा सुदृढगर्न यथासक्य कोसिस गर्नेछु

१०. महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका कोषको भावना र मर्म अनुसार यसको दिगोपन र प्रयोगमा सहभागी हुनेछु ।

११. समुदाय तथा व्यक्तिको मान्यता र संस्कृतिलाई कदर गरी पक्षपात रहित सेवा दिनेछु ।

१२. स्वास्थ्य क्षेत्रमा संचालित अभियान कार्यक्रममा सक्रिय रुपले सहभागि हुनेछु ।

१३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालना गर्नुपर्ने नीति, नियम तथा संघ प्रदेश र नगरपालिका अन्तर्गत संचालित कार्यक्रमहरुलाई प्राथमिकताका साथ सम्पन्न गर्नेछु ।

१४. जात लिङ्ग धर्म भषा रंग उमेर शारिरिक असक्षमता राजनैतिक विचारधारा तथा अन्य कुराहरुले मेरो कार्यमा बाधा पर्ने छैन भनी विश्वास दिलाउनेछु ।

१५. सेवामा आधारित कार्यक्रमहरु हुंदा आफ्नो राजनैतिक विश्वास बारे प्रचारप्रसा गर्ने छैन ।

| हस्ताक्षर | हस्ताक्षर |
|---|---|
| स्वास्थ्य केन्द्र<br>प्रमुख | महिला स्वास्थ्य स्वयमसेविका |

***मिति २०....... साल .................. महिना........ गते...........बार***

**<u>आज्ञाले</u>**

रामहरि रिजाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत